नोटः स्वयम् निष्कासन प्रणली अन्तर्गत उत्पादन तथा बिकि बितराण हुने बस्तुहरुको अन्तःशुल्क रकम प्रतिष्ठानको मूख्य कार्यालय दर्ता रहेको सम्वन्धित आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयमा दाखिला गर्नु पर्ने ब्यवस्था रहेको छ ।

**थप जानकारीको लागिः**

अन्तःशुल्क सम्वन्धी थप जानकारी आन्तरिक राजस्व विभाग अन्तःशुल्क शाखा तथा सम्वन्धित आन्तरिक राजस्व कार्यालयहरु/ कर दाता सेवा कार्यालयहरु र कोष तथा लेखा नियन्त्रक कार्यालयहरु तथा आन्तरिक राजस्व विभागको टोल फ्रि नम्वर १६६००१४०००० मा फोन गर्नुहोस वा www.ird.gov.np मा Log on गरी FAQ मा क्लिक गरी यस सम्बन्धि जानकारी प्राप्त गर्न सकिन्छ ।


**आन्तरिक राजस्व विभाग**

**लाजिम्पाट, काठमाडौं**

**फोन नं. ०१ ४४ १५ ८०२, ४४ १५ ८०३**

www.ird.gov.np


जर्मन सहयोग DEUTSCHE ZUSAMMENARBEIT

implemented by giz Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH

EMBASSY OF DENMARK DANIDA INTERNATIONAL DEVELOPMENT COOPERATION

© IRD, Dec. 2013

आन्तरिक राजस्व विभाग
www.ird.gov.np

# अन्तःशुल्क असूली र दाखिला प्रक्रिया

## (Deposit and Recovery of Excise Duties)

आन्तरिक राजस्व परिचालनमा अन्तःशुल्कको अत्यन्तै महत्वपूर्ण योगदान रहेको छ । सामान्यतयाः अन्तःशुल्क आन्तरिक उत्पादन र पैठारीमा लाग्ने कर हो । अन्तःशुल्क ब्यबस्थामा भौतिक निष्कासन प्रणाली अन्तर्गत लाग्ने अन्तःशुल्क दाखिला गरी माग फारम स्विकृत गराएर मात्र वस्तु निष्कासन गर्न पाइने हुदा सामान्यतः अन्तःशुल्क रकम वक्यौता रहदैन तर स्वयम निष्कासन प्रणाली अन्तर्गत अन्तःशुल्क रकम भने वाँकी रहन सक्दछ । अन्तःशुल्क ऐन, नियम वमोजिम वुझाउनु पर्ने अन्तःशुल्क रकम नबुझाएमा वा तिर्नुपर्ने रकम भन्दा घटी वुझाएको देखिएमा तथा कर प्रशासनवाट अन्तःशुल्क निर्धारण भएको रकम म्याद भित्र कुनै व्यक्तिले दाखिला नगरेमा पनि वक्यौता रहन सक्दछ ।

अन्तःशुल्क ऐन, २०५८ ले अन्तःशुल्क बुझाउने दायित्व भएका ब्यक्तिवाट अन्तःशुल्क दाखिला गराउन दुई वटा प्रक्रिया निश्चित गरेको छ । पहिलो प्रक्रिया अन्तर्गत करदाता आफैले म्याद भित्र अन्तःशुल्क दाखिला गर्ने हो भने दोस्रो प्रक्रिया अन्तर्गत कर प्रशासनले दाखिला गर्न लगाउने वा असूल उपर गर्ने नै हो । अन्तःशुल्कको असुली, दाखिला तथा वक्यौता असुली सम्वन्धमा निम्न वमोजिमको ब्यबस्था रहेको छ ।

**अन्तःशुल्क असुली ब्यवस्था**

» भौतिक नियन्त्रण प्रणालीमा आधारित वस्तुको हकमा प्रतिष्ठानवाट उत्पादन गरी विक्रीकोलागि निष्कासन गर्दाकै समयमा,

» सूर्ति, खैनी, गुटखा निकोटिनयुक्त वा निकोटिनरहित पान मसाला तथा यस्तै अन्य सूर्तिजन्य पदार्थहरुको हकमा प्रतिष्ठानबाट उत्पादन गरी बिक्रिको लागि निष्कासन गर्दा कै समयमा

» स्वयम् निष्कासन प्रणालीमा आधारित वस्तु तथा सेवाको हकमा

विजक जारी गर्दाकै समयमा,

» पैठारी हुने वस्तुको हकमा भंसार विन्दुमा,

» पैठारी हुने सेवाको हकमा आन्तरिक राजस्व विभागद्वारा तोकिए वमोजिम,

» कुनै वस्तु वा सेवाको हकमा त्यस्तो वस्तु उत्पादन गरेको वा सेवा प्रदान गरेको अवस्थामा नै अन्तःशुल्क असूल गर्नं पर्ने गरी बिभागले तोक्न सक्ने।

**अन्तःशुल्क असूल गर्ने निकायहरु :**

» आन्तरिक उत्पादन हुने बस्तु तथा सेवाको हकमा उत्पादक प्रतिष्ठान

» पैठारी हुने बस्तु तथा सेवाको हकमा भंसार कार्यालय

» अन्त.ंशुल्क इजाजतपत्र लिनु पर्ने बस्तु तथा सेवाको इजाजतपत्र दस्तुर तथा नविकरण दस्तुर र बक्यौता अन्तशुल्क आन्तरिक राजस्व कार्यालयहरु वा करदाता सेवा कार्यालयहरु र यी दुबै निकाय नभएका जिल्लामा भंसार कार्यालय र सो पनि नभएका जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालय

**अन्तःशुल्क दाखिला गर्ने म्यादः**

» भौतिक नियन्त्रण प्रणालीमा आधारित बस्तुको हकमा त्यस्तो बस्तु निष्कासन गर्दाकै अवस्थामा अन्तःशुल्क रकम दाखिला गर्नुपर्ने,

» सूर्ति, खैनी, गुटखा निकोटिनयुक्त वा निकोटिनरहित पान मसाला तथा यस्तै अन्य सूर्तिजन्य पदार्थहरु निष्कासन गर्दा कै अबस्थामा अन्तशुल्क राजस्व दाखिला गर्नु पर्ने

» भौतिक नियन्त्रण प्रणाली अन्तर्गत उल्लेखित वस्तुहरु वाहेकका अन्य स्वयम् निष्कासन प्रणाली अन्तर्गत उत्पादन तथा विक्री वितरण हुने बस्तु तथा सेवाको हकमा विजक जारी भएपछिको महिनाको पच्चीस गते भित्र अन्तःशुल्क रकम दाखिला गर्नुपर्ने,

» पैठारी हुने वस्तुको हकमा त्यस्तो वस्तु नेपाल प्रवेश गर्दाकै समयमा भन्सार विन्दुमा,

» पैठारी हुने सेवाको हकमा आन्तरिक राजस्व विभागले तोके वमोजिम हुने ।

**अन्तःशुल्क वुझाउने दायित्वः**

» नेपाल भित्र उत्पादन हुने वस्तु तथा सेवाको हकमा उत्पादकको,

» पैठारी हुने वस्तुको हकमा पैठारीकर्ताको,

» अन्तःशुल्क लाग्ने पदार्थ लिलाम भएकोमा सो लिलाम सकार्ने व्यक्तिको,

» करमुक्त पसल (ड्युटि फ्रि सप) वाट विक्री भएको मदिरा वा चुरोट वाहेकका वस्तु पुनः विक्री वा प्रयोग गरेमा, पुनः विक्री वा प्रयोग गर्ने व्यक्तिको,

» कुनै वस्तु वा सेवा अन्तःशुल्क नलाग्ने अवस्थावाट लाग्ने अवस्थामा परिवर्तन भएमा त्यस्तो वस्तुको स्वामित्व कायम रहने व्यक्तिको,

» उपर्युक्त वमोजिम वाहेक अन्य अवस्थामा आन्तरिक राजस्व विभागले तोकेको व्यक्तिको ।

**विलम्व शुल्क लाग्ने :**

» स्वयम् निष्कासन प्रणाली अन्तर्गत उत्पादन तथा विक्री वितरण हुने वस्तु वा सेवाको हकमा विजक जारी भए पछिको महिनाको पच्चीस गते भित्र अन्तःशुल्क नबुझाएमा बुझाउन वाँकी अन्तःशुल्क रकममा प्रति दिन शून्य दशमलव शून्य पांच प्रतिशतको दरले विलम्व शुल्क लाग्ने ।

» कर प्रशासनवाट अन्तःशुल्क निर्धारण भएको अवस्थामा तथा तिर्नुपर्ने अन्तःशुल्क रकम भन्दा घटी बुझाएको देखिएमा र म्याद भित्र बुझाउनु पर्ने अन्तःशुल्क रकम नवुझाएमा, बुझाउन वाँकी रहेको अन्तःशुल्क रकममा प्रति दिन शून्य दशमलव शून्य पांच प्रतिशतका दरले विलम्व शुल्क लाग्ने ।

**किस्तावन्दीमा तिर्ने व्यवस्थाः**

» कुनै करदाताले बक्यौता अन्तःशुल्क किस्तावन्दीमा बुझाउन पाउ भनि लिखित अनुरोध गरेमा एक वर्षको लागि किस्तावन्दीमा बुझाउने अनुमती दिन सकिनेछ ।

**बक्यौता अन्तःशुल्कको असूली प्रक्रियाः**

म्याद भित्र बुझाउनु पर्ने अन्तःशुल्क नवुझाएमा देहायका कुनै वा सबै तरिका अपनाई असुल उपर गर्न सकिने :

» अन्तःशुल्क बक्यौता रकमलाई सरकारी वाँकी सरह असूल उपर गर्न सकिने,

» वक्यौता राख्ने व्यक्तिलाई फिर्ता गर्नुपर्ने कुनै रकम भए त्यसमा कट्टा गरेर, उदाहरणको लागि क भन्ने व्यक्तिले अन्तःशुल्क वुझाउन वांकी राखेको रहेछ, र निजलाई नेपाल सरकारले कुनै रकम फिर्ता गर्नु पर्ने अवस्था आएमा सो वक्यौता रकम कट्टी गरी दाखिला गराउन सकिन्छ ।

» बक्यौता राख्ने व्यक्तिलाई नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा भएको संगठित संस्था वा स्थानीय निकायहरुवाट कुनै रकम दिनु पर्ने भए सो रकमवाट कट्टा गर्न लगाएर,

» बक्यौता राख्ने व्यक्तिको वैंक/ वित्तीय वा अन्य संस्थामा रहेको निक्षेप तथा लगानी भए सो वाट कट्टा गर्न लगाएर, उदाहरणको लागि क भन्ने व्यक्तिले अन्तःशुल्क वुझाउन वाँकी राखेको रहेछ । निज क भन्ने व्यक्तिको कुनै वैंकको खातामा पर्याप्त रकम रहेको जानकारी नेपाल सरकारलाई हुन आएमा सम्वन्धित वैंकलाई अनुरोध गरी निज क को खातावाट वक्यौता अन्तःशुल्क रकम कट्टी गरी असूल उपर गराउन सकिन्छ ।

» वक्यौता राख्ने व्यक्तिको विक्री, निकासी, पैठारी र अन्य व्यवसाय रोक्का गरेर,

» बक्यौता राख्ने व्यक्तिको चल तथा अचल सम्पत्ति कब्जा गरेर,

» वक्यौता राख्ने व्यक्तिको चल तथा अचल सम्पत्ति सम्पूर्ण वा केहि एकै पटक वा पटक पटक गरी लिलाम विक्री गरेर,

» वक्यौता राख्ने व्यक्तिको मौज्दातमा रहेको वस्तु लिलाम गरेर ।

**दण्ड सजाय तथा जरिवाना**

» तिर्नुपर्ने अन्तःशुल्क दवाएमा, छिपाएमा वा छलेमा, इजाजत पत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु उत्पादन वा पैठारी गरेमा, झुट्ठा लेखा वा किर्ते कागज तयार गरी ऐन विपरित कुनै कसूर गरेमा अन्तशुल्क टिकट नक्कली बनाई प्रयोग गरेमा, ओसार पसार गरेमा वा भण्डारण गरेमा कसूरको निमित्त विगो जफत गरी विगो वमोजिम जरिवाना वा एक वर्ष सम्म कैद वा दुवै सजाय हुनेछ ।

» स्वयम् निष्कासन प्रणाली अन्तर्गतका उत्पादन बस्तु तथा सेवा बिक्रि गर्दा तथा अन्तःशुल्क असुल नगरेमा वा कम असुल गरेमा लाग्ने अन्तःशुल्क असुल गरी असूल नभएको वा कम असुल भएको अन्तःशुल्क रकमको शत प्रतिशत रकम जरिवाना लाग्नेछ ।

**अन्तःशुल्क रकम दाखिला गर्ने राजस्व शीर्षकहरुः**

अन्तःशुल्क रकम वैंकमा दाखिला नभएसम्म अन्तःशुल्क बुझाएको मानिदैन । अन्तःशुल्क रकम निम्न राजस्व शीर्षकहरुमा दाखिला गर्नु पर्दछ ।

| वस्तुहरु | राजस्व शीर्षक नम्वर |
|---|---|
| सूर्तीजन्य पदार्थ | ११४२१ |
| मदिरा | ११४२२ |
| वियर | ११४२३ |
| अन्य औधोगिक उत्पादन | ११४२४ |
| पैठारी अन्तःशुल्क | ११४२५ |